पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

# पुतलीबजार नगरपालिका

## नगरकार्यपालिका वैठक

वैठक संख्याः ९७
मिति २०८०।०९।२०
समयः दिउसो ३.०० बजे

**वैठकका प्रस्तावहरुः**

१. विनियोजन ऐन २०८० को संशोधन सम्वन्धमा ।
२. न्यायिक समिति, विधायन समिति, लेखा समिति र विषयगत समितिको प्रगति प्रतिवेदन सम्वन्धमा ।
३. पुतलीबजार नगरपालिका सुशासन व्यवस्थापन तथा सञ्चालन विधेयक २०८० सम्वन्धमा ।
४. पुतलीबजार नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन २०८० को पहिलो संशोधन
५. पुतलीबजार नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८० सम्वन्धमा ।
६. नगर सभामा सरोकारवालाहरुलाई सम्मान तथा पुरस्कार सम्वन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा नगरपालिकाको १३ औ नगर सभावाट चालु आर्थिक वर्ष २०८०/८१ का लागि पारित विनियोजन ऐनमा संशोधन आवश्यक परेकोले नगर सभामा पेश गर्ने गरी उप प्रमुख ज्युले पेश गर्नु भएको विनियोजन ऐन २०८० लाई १३ औ नगरसभावाट पारित कुल बजेटमा हेरफेर नहुने गरी बजेट तथा कार्यक्रममा विनियोजित बजेट थप घट तथा अत्यावश्यक योजना तथा कार्यक्रमा वजेट विनियोजन गर्ने गरी नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल हुँदा न्यायिक समिति, विधायन समिति, लेखा समिति तथा विषयगत समितिवाट चालु आर्थिक वर्षको मंसीर मसान्त सम्म विषयगत समिति अन्तरगतका शाखा उपशाखा तथा वडावाट सम्पादन भएका विषयगत क्षेत्रको समितिगत प्रगति तयार गरी समितिका संयोजक ज्युहरुवाट पेश भएकोले उक्त प्रगति प्रतिवेदनहरु नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा विधायन समितिका संयोजक ज्युवाट पुतलीबजार नगरपालिको सुशासन व्यवस्थापन तथा सञ्चालन विधेयक २०८०पुतलीबजार नगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन २०८० पहिलो संशोधन तथा पुतलीबजार नगरपालिका सार्वजनिक खरिद नियमावली २०८०पेश गर्न अनुमतीका लागि पेश गर्नु भएकोले उक्त विधेयक तयार गरी नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं ४**

प्रस्ताव नं ४माथि छलफल गर्दा विधायन समितिका संयोजक ज्यू वाट पुतलीबजार नगरपालिको पुतलीबजार नगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन २०८० पहिलो संशोधन विधेयक पेश गर्न अनुमतिका लागि पेश गर्नु भएकोले उक्त विधेयक तयार गरी नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा विधायन समितिका संयोजक ज्युवाट पुतलीबजार नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८० को मस्यौदा पेश गर्न अनुमतिका लागि पेश गर्नु भएकोले उक्त नियमावली नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा संस्थागत क्षमता विकास, सेवा प्रवाह तथा सुशासन समितिवाट नगर सभाको अवसरमा नगर भित्रका विद्ध्यालय, शिक्षक, कर्मचारी, स्वास्थ्य कर्मी, स्वास्थ्य स्वयंसेवी, टोल विकास संस्था तथा करदाताहरुलाई रु.५०००। नगद पुरस्कार सहित सम्मान गर्ने व्यवस्थाका लागि पेश गर्नु भएको प्रस्ताव स्वीकृत गरी तपशिल बमोजिमका संस्था, व्यक्ति तथा कर्मचारीहरुलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने निर्णय गरियो ।

क) विध्यालय तर्फः कालिका माध्यामिक विध्यालय पुतलीबजार १३ स्याङ्जा

ख) शिक्षक तर्फः

- श्री शिव प्रसाद ढकाल, गणित विषय, श्री त्रिभुवन आदर्श नमुना विध्यालय
- श्री सफिउल्लाह खान, विज्ञान विषय, श्री त्रिभुवन आदर्श नमुना विध्यालय

ग) टोल विकास संस्था तर्फः

- भाईटारी टोल विकास संस्था पुतलीबजार नगरपालिका ३
- नयाँबजार टोल विकास संस्था पुतलीबजार नगरपालिका ५
- जलदेवी टोल विकास संस्था पुतलीबजार नगरपालिका ११

घ) उपभोक्ता समिति तर्फः

- खोरिया दलितवस्ती गोरेटोवाटो रेलिङ्ङ्ग निर्माण उपभोक्ता समिति पुतलीबजार नगरपालिका १
- बडहरे आरन दलितवस्ती हुँदै भेउढुंगा गोरेटोवाटो निर्माण उपभोक्ता समिति पुतलीबजार नगरपालिका १३
- भाटावारी गोरेटोवाटो निर्माण उपभोक्ता समिति पुतलीबजार नगरपालिका १०

ङ) कार्मचारी तर्फः

हरिराम
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

- सूचना प्रविधि अधिकृत श्री मुक्त बहादुर गरुङ्ग
- सहायक स्तर पाँचौ श्री दिपकजंग के सी
- कार्यालय सहयोगी श्री गौ बहादुर अधिकारी

च) कारदाता दर्फः

- श्री सुन्दर श्रेष्ठ/ अर्जुन प्रसाद श्रेष्ठ, पुतलीबजार १, बहालकर
- श्री अर्जुन श्रेष्ठ, पुतलीबजार ३, व्यवसाय कर
- श्री कृषि विकास वैंक स्याङ्जा, एकीकृत सम्पत्तीकर

छ) स्वास्थ्यकर्मी / स्वयंसेविका तर्फः

- श्री सरोज कुमार भट्ट अ हे व ठुलाडिही स्वास्थ्य चौकी पुतलीबजार नगरपालिका ७
- श्री दिपक सापकोटा अ हे व नागडाँडा आधारभुज स्वास्थ्य केन्द्र पुतलीबजार नगरपालिका ४
- श्री एकमती गुरुङ्ग अ न मी पेल्काचौर स्वास्थ्य चौकी पुतलीबजार नगरपालिका १२
- श्री रिता पौडेल स्वास्थ्य स्वयं सेविका पुतलीबजार नगरपालिका १४
- श्री निता थापा स्वास्थ्य स्वयं सेविका पुतलीबजार नगरपालिका १०
- श्री गंगा अर्याल स्वास्थ्य स्वयं सेविका पुतलीबजार नगरपालिका ११

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख